# गेरुवा गाउँपालिका
# गाउँ कार्यपालिकाका कार्यालय

प्रशासकिकार, वर्दिया
नं. प्रदेश, नेपाल

सूचना नं. ५/२०७५/७६ मिति: २०७५।०७।१३

---

**विषय : लाभग्राहीको नाम नवीकरण तथा दर्ता सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस गेरुवा गाउँपालिका अन्तर्गत साविक सामाजिक सुरक्षा भत्ता पाईरहेका लाभ ग्राहीरुहरुले अगामी आ.ब. २०७६/०७७ मा पनि सामाजिक सुरक्षा भत्ता लिन चाहेमा यहि मिति २०७५ पौष मसान्त भित्र सम्बन्धीत वडा कार्यालयहरुमा यथाशिघ्र सम्पर्क गरी आ-आफ्नो सामाजिक सुरक्षा भत्ता नामावली नवीकरण गर्न हुन र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य नयाँ सामाजिक सुरक्षा लाभग्राहीहरुले आ.ब.०७६/०७७ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि सम्बन्धीत वडा कार्यालयहरुमा आवश्यक कागजातहरु सहित मिति २०७५ पौष मसान्त भित्र आबेदन दिन हुन यो सुचना प्रकाशित गरिएको छ । नयाँ जेष्ठ नागरिक लाभ ग्राहीको हकमा आगामी आ.ब.०७६ को फागुन मसान्त भित्र ७० बर्ष पुग्ने नागरिकले आबेदन दिनहुन जानकारी गराईन्छ ।

**नयाँ दर्ताको लागि आवश्यक कागजातहरु**

- सबै लाभग्राहीको हकमा २ प्रति पासपोर्ट साइजको फोटो,
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
- बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपिका साथै आमा वा आमा नभए संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र नजिकको स्वास्थ्य संस्थामा खोप लगाएको वा तौल जाँच गराएको प्रमाण,
- एकल महिलाको हकमा अविवाहिताको प्रमाण तथा सम्बन्ध विच्छेद दर्ता प्रमाण पत्रको प्रतिलिपि,
- विधवाको हकमा पतिको मृत्यु दर्ता प्रमाण-पत्रको प्रतिलिपि,
- अपाङ्गताको हकमा प्रचलित कानून बमोजिम जारी भएको अपाङ्गता परिचय पत्रको प्रतिलिपि ।

कुन नारायण चौधरी
नि. प्रमुख प्रशासकीय अधिकृत
नि॰ प्रमुख प्रशासकीय अधिकृत

---

**email:** geruwarmun@gmail.com | info@geruwamun.gov.np **website:** www.geruwamun.gov.np
सम्पर्क नं.: अध्यक्ष: 9858038111, उपाध्यक्ष: 9858037111, प्रमुख प्रशासकीय अधिकृत: 9858090441

*समृद्ध गेरुवा गाउँपालिका निर्माणको आधार, कृषि, पर्यटन र पूर्वाधार*